आठविसकोट नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

आठविसकोट, रुकुम (पश्चिम)

कर्णाली प्रदेश, नेपाल

# आठविसकोट नगरपालिकामा सुशासन र सदाचार प्रवर्द्धन गर्न

## "आठविसकोट नगरपालिकाको प्रतिबद्धता"

आठविसकोट नगरपाललिकामा शासन पद्धतिमा जवाफदेही, पारदर्शिता, कानुनको शासन र सहभागिता प्रवर्द्धन गरी सुशासनयुक्त, प्रभावकारी, सदाचारिता र नतिजामूलक एवं निर्धारित कानुनको परिपालना कायम गर्न हामी आठविसकोट नगरपालिका कार्यालय/नगरपालिका मातहतका निकाय तथा कार्यालयका पदाधिकारी तथा कर्मचारीहरु देहाय बमोजिमको प्रतिबद्धता व्यक्त गर्दछौं।

१. नेपालको स्वतन्त्रता सार्वभौमिकता भैगोलिक अखण्डता राष्ट्रिय एकता स्वाधीनता र स्वाभिमानको अक्षुण्णतामा प्रतिकुल नहुने गरी सदैव राष्ट्र र जनताको बृहत्तर हितलाई ध्यानमा राखी आफ्नो पदीय जिम्मेवारी पालना गरिनेछ ।

२. प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले ६० (साठी) दिन भित्र आफ्नो र परिवारको नाममा रहेको सम्पति विवरण नगरपालिकामा पेश गरिनेछ ।

३. निर्वाचित पदाधिकारी र कर्मचारीको आचारसंहिता बनाई लागु गरिनेछ। आफ्नो स्वार्थ गाँसिएको (Conflict of Interest) विषयको निर्णय प्रक्रियामा सहभागीता हुने छैन।

४. कानुन बमोजिम पाउने पारिश्रमिक, सेवा सुविधा वा भत्ता बाहेक अन्य कुनै साधन र श्रोत नगद वा जिन्सी कुनै प्रकारले लिने दुरुपयोग गरिने छैन। कानून बमोजिम लिएको सुविधाको विवरण मासिक रुपमा सार्वजनिक गरिनेछ।

५. पूर्व जानकारी विना सेवा दिने कार्यक्षेत्र छोडिने छैन विशेष कारणबस सेवा दिने क्षेत्रमा उपस्थित हुन नसक्ने अवस्था रहेमा कानुनले तोकेको पदाधिकारीलाई जानकारी एवं अख्तियारी दिई सेवा प्रवाहको सुनिश्चितता गरिनेछ ।

६. नगरपालिकाबाट प्रदान हुने सेवा प्रवाहलाई गुणस्तरीय र प्रभावकारी बनाउन नागरिक वडापत्र कार्यन्वयनमा ल्याइनेछ ।

७. कानुन बमोजिम स्थानीय तहले गर्नुपर्ने सिफारिस तथा प्रमाणित गर्ने कार्य सत्य, तथ्य, यथार्थत र वस्तुगत आधारमा गरिनेछ ।

८. नगरपालिकाका सेवा प्रवाहलाई छिटो, छरितो, प्रभावकारी र प्रविधिमैत्री बनाईनेछ ।सेवाग्राहीको सहजताको लागी हेल्प डेक्स, सुचना अधिकारी, प्रवक्ता र गुनासो सुनुवाईको व्यवस्था मिलाईनेछ ।

९. जाति, धर्म, लिङ्ग, वर्ण, सम्प्रदाय वा राजनितीक आस्थाका आधारमा भेदभाव हुने गरी वा कुनै सामाजिक सुसम्बन्धमा खलल पर्ने गरी कुनै कार्य गरिनेछैन।

१०. नगरपालिका भित्रको र मातहतका निकाय वा कार्यालयको अभिलेख व्यवस्थापनलाई चुस्त बनाईनेछ ।यसै गरी कानुनद्धारा निर्दिष्ट तथ्याङ्क समयमै सङ्कलन गरी पार्श्वचित्र तथा स्रोत नक्साको अद्यावधिक अभिलेख गरिनेछ ।

११. प्रत्येक वर्षको असार १० गते भित्र वार्षिक वजेट तथा कार्यक्रम तयार गरी असार मसान्त भित्र सभाबाट स्वीकृत गरी सार्वजानिक गरिन्छ ।

१२. आफ्नो कार्यक्षेत्रमा सञ्चालन गर्नुपर्ने विकास कार्यक्रमहरु प्रचलित कानुन बमोजिम योजना कार्यक्रम वा बजेट स्वीकृत गरेर मात्र कार्यान्वयन गरिनेछ ।सो प्रक्रिया विपरित कुनै विकास कार्यक्रमको घोषणा, स्वीकृति वा सञ्चालन गरीने छैन ।

१३. सार्वजनिक खर्च गर्दा स्वीकृती बजेट तथा कार्यक्रमको अधिनमा रही नियमितता, मितव्ययिता, प्रभावकारिता, कार्यदक्षता र औचित्य समेतको आधारमा गरिनेछ । मासिक तथा चौमासिक आम्दानी र खर्चको विवरण अवधि समाप्त भएको ७ दिन भित्र सार्वजनिक गरिनेछ ।

१४. वार्षिक योजना तथा कार्यक्रममा अवण्डा विनियोजन गरी भविष्यमा सभाबाट अनुमोदन हुने गरी कुनै किसिमको खर्च गरिनेछैन।ऐनमा व्यवस्था भए देखि बाहेक कुनै पदाधिकारीको निर्णयबाट बजेट वा योजना परिवर्तन गरिनेछैन ।

१५. बजेट कार्यक्रम स्वीकृत नगरी कुनै किसिमको दायित्व सृजना हुने गरी खर्चगर्ने वा कोष बिनाको दायित्व सृजना गरिने छैन ।बार्षिक बजेट र कार्यक्रममा व्यवस्था नगरी कुनै पनि किसिमको आर्थिक साहयता, चन्दा वा पुरस्कार दिइनेछैन ।

१६. नगरपालिकाको आम्दानी खर्च र विकास योजनाको प्रगति विवरण मासिक र चौमासिक अवधि समाप्त भएको मितिले ७ दिन भित्र सार्वजनिक गर्नुका साथै सम्बन्धित निकायमा (मन्त्रालय, प्रदेश मन्त्रालय, वैदेशिक सहयोग संझौताका परियोजनाको हकमा सोही बमोजिम) पठाइनेछ ।

१७. चौमासिक विभाजन अनुसार खर्च योजना तयार गरी पुँजीगत प्रभावकारी बनाइनेछ । आर्थिक वर्षको अन्त्यतिर खर्च हुँदा वित्तीय र निर्माण कार्यको गुणस्तरमा हुन सक्ने जोखिमलाई कम गर्न अन्तिम चौमासिक अवधिमा बढीमा ४० प्रतिशत र अन्तिम महिनामा २० प्रतिशत भन्दा बढी खर्च नहुने व्यवस्था मिलाइनेछ ।

१८. स्वीकृत वार्षिक बजेटको अधिनमा रही पुँजीगत शीर्षकमा पच्चीस प्रतिशत भन्दा बढी रकमान्तर गरिनेछैन ।चालु शीर्षकबाट चालुमा र पुँजीगत शीर्षकबाट चालुमा रकमान्तर गरिने छैन।

१९. विभिन्न समिति, उपसमिति वा कार्यदल र उपभोक्ता समिति आदी गठन गर्दा महिला, दलित, अल्पसंख्यक आदी समुदायको उचित प्रतिनिधित्व हुने गरी सामानुपातिक र समावेशिता कामय गरिनेछ ।

२०. सभा एवं कार्यपालिका बैठकको निर्णय बसेको भोलीपल्ट वेबसाईट वा सूचनापाटी मार्फत सार्वजनिक गरिनेछ ।सार्वजानिक गरे पश्चात मात्र निर्णय कार्यन्वयन गरिनेछ ।

२१. नगरपालिका र मातहतका निकाय वा कार्यालयको सेवा प्रवाह र संचालित योजना तथा कार्यक्रमको सम्बन्धमा प्रत्येक चौमासिक अवधि सम्पन्न भएको १५ दिन भित्र सरोकारवालाहरुलाई आमन्त्रण गरी सार्वजनिक सुनुवाई गरिनेछ ।

२२. सदाचार र नैतिक मुल्यहरुको प्रवर्द्धन तथा भष्टाचार नियन्त्रणका लागी नैतिक विषय नागरिक शिक्षा जस्ता सामाजिक सचेतनामुलक अभियान संचालन गरिनेछ ।

२३. आयोजना र कार्यक्रमहरुको आवधिक रुपमा समिक्षा र मुल्यांकन गरी सोको प्रतिवेदन विद्युतिय र छापा माध्यमबाट सार्वजनिक गरी पृष्ठपोषण लिईनेछ ।

२४. नगरपालिका क्षेत्रभित्रको भू-उपयोग नीति तर्जुमा गरी एकिकृत बस्ति विकासको कार्यक्रम लागु गरिनेछ ।

२५. आफ्नो स्वामित्वमा रहेको वा हक हस्तान्तरण भई आएको सम्पूर्ण चल-अचल तथा जिन्सी सम्पत्तिको अद्यावधिक गरी सम्पतिको संरक्षण गरिनेछ। सार्वजानिक सम्पतिलाई व्यक्तिगत, पारिवारिक वा दलिय लाभको लागी प्रयोग गरिनेछैन ।

२६. आफ्नो क्षेत्र भित्रको सार्वजनिक तथा सामुदायिक सम्पति कानून बमोजिम बाहेक बेचबिखन गर्न वा अरु कुनै व्यहोराले हक हस्तान्तरण गर्न वा हक हस्तान्तरण हुने गरी सिफारिस गरिनेछैन । आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा बनाएको ऐन, नियम, निर्देशिका, कार्यविधी र मापदण्ड स्थानीय राजपत्रमा प्रकाशन नगरी लागु गरिनेछैन ।

२७. सभाबाट कानून नबाई कुनै पनि किसिमको कर लगाउन वा करका दरहरुको निर्धारण वा हेरफर गर्ने वा उठाईने छैन । स्थानीय कर, शुल्क, दस्तुर, जरिवाना लगाएतको आन्तरिक राजश्वको प्रक्षेपण गरी आन्तरिक आय वृद्धि गर्ने कार्ययोजना बनाई संकलनको मासिक तथा चौमासिक लक्ष्य हाँसिल गरिनेछ ।

२८. सार्वजनिक खरिद गर्दा प्रचलित कानुनी प्रक्रिया बमोजिम तथा सार्वजनिक निर्माण कार्य गर्दा लगत स्टीमेट स्वीकृत गराई अनिवार्य रुपमा नापि किताव र कार्य सम्पन्न प्रतिवेदनका आधारमा मात्र भूक्तानी गरीनेछ ।

२९. आर्थिक वर्ष सुरु हुनु भन्दा १५ दिन अगावै आफ्नो क्षेत्र भित्रको निर्माण सामाग्रि, ज्याला, भाडा तथा महशुलको स्थानिय न्यूनतम दर रेट नतोकी कुनै लागत स्टीमेट, स्वीकृत र भुक्तानी गरिनेछैन ।

३०. नगरपालिकाले कर्मचारी समायोजन सम्पन्न भए पछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी संगठन संरचना र दरबन्दी कायम गरिनेछ । स्थानीय तहको सेवा संचालनका लागी अस्थाई दरबन्दी सृजना गरिनेछैन ।

३१. नेपाल सरकारको स्वीकृती वेगर बैदेशिक सायता लिने, सम्झौता गर्ने वा सरकारी अभिलेखमा नरहने गरी कुनै किसिमको वैदेशिक सहायता स्वीकार गरिनेछैन ।

३२. वैदेशिक भ्रमण सम्बन्धमा नेपाल सरकारबाट स्वीकृती नियमावली वा कार्यविधीको पालन गरीनेछ ।

३३. नगरपालिकाको कुनै पनि कार्यक्रम वा समारेहमा मादक पदार्थ तथा सुर्तिजन्य पदार्थको प्रयोग गरिनेछैन ।